म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १७२ बुधबार १७ माघ २०८० ने. सं. ११४४ पोहेलागा 31 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सोनाम ल्होछार कार्यक्रम हुँदै

हेटौंडा, १६ माघ/हेटौंडा उपमहानगरपालिका-१३, स्थित गुम्बाडाँडामा फागुन ४ गते छैठौं सोनाम ल्होछार कार्यक्रम हुने भएको छ ।

प्रत्येक वर्ष आयोजना गर्दै आइरहेको ल्होछार मूल समारोह समितिले मंगलबार पत्रकार सम्मेलन गरी कार्यक्रमबारे जानकारी दिएको हो । कार्यक्रममा स्थानीयदेखि राष्ट्रियस्तरका कलाकारको प्रस्तुति रहनुका साथै तामाङ संस्कृति झल्काउने नृत्य तथा गीतहरु प्रस्तुत हुने आयोजक समितिका अध्यक्ष सोमलाल थिङले बताए । कार्यक्रम दिउँसो ३ बजेदेखि सुरु हुने जनाइएको छ ।

कार्यक्रमस्थलमा ४० देखि ५० वटा स्टल राखिने र विभिन्न परिकारको प्रदर्शनी हुनेछ । आयोजकले कार्यक्रमका लागि करिब ६ देखि ७ लाख खर्च हुने अनुमान रहेको अध्यक्ष थिङले बताए । कार्यक्रममा करिब २ हजार दर्शकको उपस्थिति हुने अपेक्षा रहेको छ ।

# हुप्रचौरको बहुउद्देशीय भवन निर्माण प्रक्रिया अगाडि बढाइने

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ हेटौंडा-४ हुप्रचौरमा बहेद्देशीय ब्यावसायिक भवन निर्माण प्रक्रिया अगाडि बढाइने भएको छ । हेटौंडा उपमहानगरको ३८ औं कार्यपालिका बैठकले हुप्राचौरमा बहुउद्देशीय ब्यावसायिक भवन निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरेको हो ।

कार्यपालिका बैठकपछि नगरप्रवक्ता सबिन न्यौपानेले जारी गरेको बिज्ञप्तीमा बहुउद्देशीय ब्यावसायिक भवन निर्माण प्रक्रियामा आएको अवरोध हटेपछि उपमहानगरले पुरानै बोलपत्रअनुसार तत्काल निर्माण कार्य थालनी गर्ने निर्णय गरिएको छ । शाहीकालका नगर प्रमुख मधु अधिकारीले 'दीपेन्द्र सभागृह' का नाममा सभागृह निर्माण थालनी गरेका थिए । तत्कालीन राजा बीरेन्द्रको शालिक पनि स्थापना गरिएको थियो ।

पछि २०६२/६३ को आन्दोलन सहीद भएका बासुदेव घिमिरको स्मृतिमा यो सभागृहको नाम परिवर्तन गरी बासुदेव सभागृह राखियो । मुलुकको शासकीय स्वरुप परिवर्त भएर संघीयतामा गएपछि पहिलो पटक भएको स्थानीय तह निर्वाचन २०७४ मा निर्वाचित नगर प्रमुख हरिबोल महतले बहुउद्देशीय ब्यावसायिक भवन निर्माण गर्ने महत्वाकांक्षी योजना अघि सारेका थिए । उपमहानगरपालिकाले बोलपत्र स्वीकृत गरेपछि तत्कालीन राजा बीरेन्द्रको शालिक भत्काउने बिषयमा समस्या आएर बहुउद्देशीय भवन निर्माण प्रक्रिया अबरुद्ध बनेको थियो ।

हेटौंडा-४ का वडाध्यक्ष नबीन सिग्देलको संयोजकत्वमा गठन भएको समितिले अध्ययन गरी स्थानीयसँग रायसुझाव सहितको प्रतिबेदन उपमहानगरपालिकालाई बुझाएको छ । तत्कालीन राजा बीरेन्द्रको शालिक उपयुक्त स्थानमा



राख्ने गरी सहमति जुटेको प्रतिबेदन उपमहानगरमा आएपछि कार्यपालिका बैठकले बहुउद्देशीय भवन निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरेको प्रवक्ता न्यौपानेले जानकारी दिएका छन् । बिगतमा भवन निर्माण पक्रियामा देखिएको अवरोध सबै हटेर समाधान भएकोले कार्यपालिकाले यो निर्णय गरेको प्रवक्ता न्यौपानेको भनाइ छ ।

२०६० सालमा निर्माण सुरु भएर तीन वर्षसम्म लगातार स्थानीय विकास मन्त्रालयको जगेडा कोषको एक करोड ३० लाख रुपैयाँ खर्च गरिएको थियो, सभागृहमा । त्यसपछि सभागृह निर्माणको काम अघि बढ्न सकेको थिएन । त्यसैले सभागृहलाई सुधारका साथ अघि बढाएर लैजान तत्कालीन समयमा करिब चार करोड ३५ लाख रुपैयाँ लाग्ने तत्कालीन हेटौंडा नगर पालिकाले अनुमान गरेको थियो । हालसम्म दुई करोड भन्द धेरै खर्च भइसकेको सभागृह उपयुक्त नभएको भन्दै उपमहानगरपालिकाले भत्काउने निर्णय गरेको हो ।

यसबाहेक अर्को समस्या पनि श्रृजना भएपछि निर्माण ककार्य प्रभाबित भएको थियो । स्थानीय बजेटले नपुग्ने र राष्ट्रिय योजनामा नपरेका कारण पनि निर्माण अलपत्र परेको हो । आठ कठ्ठा क्षेत्रफल रहेको भवनमा प्रदेशसभाको लागि आवश्यक पर्ने सत्तापक्षको लागि भवन, प्रतिपक्षी दलको कार्यालय, संसदीय समितिको लागि आवश्यक कार्यालय भवन निर्माण, मर्यादापालकको लागि भवन र पार्किङको लागि केही अपुग हुने भए पनि अन्य दृष्टिकोणले उपयुक्त हुने बताइएको थियो । तर, प्रदेश सरकारले पनि यसलाई खासै चासो नदिएपछि उपमहानगरपालिकाले अब भ्युटावरसहितको व्यापारिक भवन निर्माण गर्ने योजना अघि सारेको हो ।

१२ तलाको बहुउद्देशीय व्यापारिक भवन निर्माण गर्नका लागि २० मंसिर २०७८ मा उपमहानगर पालिकाले बानियाँ निर्माण सेवासँग सम्झौता गरेको थियो । व्यापारिक भवनको ठेक्का ४७ करोड ९३ लाख ७२ हजार रुपैयाँमा बानियाँ निर्माणले पारेको हो । १२ तले भवनमा दुइ तलाको अण्डर ग्राउण्ड, चारतिरबाट लिफ्ट, दुईवटा भऱ्याङ, सबैभन्दा माथि भ्यूटावर निर्माण गरिने पूर्वनगरप्रमुख हरिबोल महतले जानकारी दिए । सम्झौतामा तीन वर्षभित्र योजना सम्पन्न गर्नुपर्ने उल्लेख गरिएको थियो ।

**नगर स्थापना दिवस मनाइने**

हेटौंडा नगरको ५५ औं स्थापना दिवस आगामी फागुन १ मा मनाइने भएको छ । हेटौंडा उपमहानगरको ३८ औं कार्यपालिका बैठकले ५५ स्थापना दिवस भव्य रुपमा मनाउने निर्णय गरेको हो ।

कार्यपालिका बैठकले हेटौंडा-४ हुप्राचौरमा बहेद्देशीय ब्यावसायिक भवन निर्माण प्रक्रिया अगाडि बढाइने निर्णय गरेको छ । हेटौंडा उपमहानगरको ३८ औं कार्यपालिका बैठकले हुप्राचौरमा बहुउद्देशीय ब्यावसायिक भवन निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरेको हो । कार्यपालिका बैठकपछि नगर प्रवक्ता सबिन न्यौपानेले जारी गरेको बिज्ञप्तीमा बहुउद्देशीय ब्यावसायिक भवन निर्माण प्रक्रिया अगाडि बढाउने, ब्यवसायिक मत्स्यविकास केन्द्रको गेट नजिकै बनेका अबैध संरचना भत्काउने निर्णय भएको छ ।

त्यस्तै, नगरको सामाजिक समावेशी नीति तर्जुमाका लागि सैद्धान्तिक सहमति दिने, बिभिन्न निकायबाट जग्गा प्राप्तीका लागि भएका शिफारिसलाई स्थलगत अध्ययन गरी प्रक्रिया अगाडि बढाउने, बिभिन्न वडाले निर्माण गरेका पञ्चवर्षीय आवधिक योजना स्वीकृत गर्ने निर्णय भएको प्रवक्ता न्यौपानेले बताएका छन् । बालमैत्री स्थानीय शासनयुक्त उपमहानगर घोषणा गर्ने क्रममा बालबालिकाको क्षेत्रमा पञ्चवर्षीय आवधिक योजना निर्माण गरिएको हो ।

घर तथा फ्याट भाडामा

३० धुर जग्गा रहेको ५ कोठा भएको र चार पाँच वटा गाडी पार्किङ्ग गर्न मिल्ने सुविधा सम्पन्न भएको घर भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।

सम्पर्कका लागी

सम्पर्क नं. ९८६०६७६०५१, ९८६५०३२००६

हेटौंडा-१, स्वर्गलोकपथ, सहकारी अस्पतालको पछाडी

# पत्रकार शर्मा र न्यौपानेलाई रिपोटर्स क्लबको सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/शहीद बासुदेव घिमिरे स्मृति पत्रकारिता पुरस्कार-२०८० बाट मकवानपुरका पत्रकार नवराज शर्मा तिमल्सिना र नवराज न्यौपानेलाई सम्मानित गरिएको छ । रिपोर्टर्स क्लब नेपाल मकवानपुर शाखाले हेटौंडामा मंगलबार पत्रकारद्वय शर्मा र न्यौपानेलाई जनही ८ हजार ८ सय ८८ राशीको पुरस्कारद्वारा सम्मानित गरेको हो ।

बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेल र आन्तरिक मामिला तथा कानूनमन्त्री गंगानारायण श्रेष्ठले उनीहरुलाई नगदसहित सम्मानित गरेका हुन् । कार्यक्रममा शहीद बासुदेव घिमिरेका पिता कृष्णप्रसाद घिमिरेलाई समेत सम्मान गरिएको थियो । यसैगरी रिपोर्टर्स क्लब मकवानपुरका पूर्वअध्यक्ष सविन न्यौपाने र सामाजिक क्षेत्रमा योगदान पुऱ्याएको भन्दै एष्ट्रोनोभा फाउण्डेशनलाई पनि कार्यक्रममा सम्मान गरिएको थियो । यस्तै पुरस्कृत पत्रकार न्यौपानेले आफूले प्राप्त गरेको नगद रकम शहीद बासुदेव घिमिरेका पिता कृष्णप्रसाद घिमिरेलाई स्वास्थ्य उपचारको लागि सोही कार्यक्रममा हस्तान्तरण गरे ।



मुख्यमन्त्री जम्कट्टेलले पत्रकारलाई सामाजिक सुरक्षा अभियानमा आवद्ध गराउन प्रदेश सरकारले संचार रजिष्टारमार्फत् नीतिगत योजना तर्जुमा गरी कार्यान्वयन गर्न लागिएको बताए । उनले पत्रकार महासंघले पनि यो अभियानलाई गतिशीलता प्रदान गर्नुपर्नेमा जोड दिए । साथै मुख्यमन्त्री जम्कट्टेलले शहीद बासुदेव घिमिरेका पिता कृष्णप्रसाद घिमिरेको उपचार खर्च प्रदेश सरकारले व्यर्होर्ने गरी प्रदेश सरकारसमक्ष प्रस्ताव राख्ने बताए ।

यस्तै, बागमती प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री गंगानारायण श्रेष्ठले प्रदेशमा रहेका सबै सञ्चार क्षेत्रलाई समष्टिगत रुपमा आत्मसम्मानका साथ विभिन्न अवसर जुटाउन प्रदेश सरकारले नीतिगत कार्यक्रम र बजेट तर्जुमा गरेको बताए । पत्रकारिता क्षेत्रलाई दलगत स्वार्थभन्दा माथि राखेर राष्ट्रियता र प्रजातन्त्रको सम्बर्द्धनको लागि सबै पत्रकार एकजुट हुनुपर्ने बताए ।

यसैगरी रिपोर्टर्स क्लब नेपालका अध्यक्ष ऋषि धमलाले प्रेस जगतलाई संगठित मर्यादित र अनुशासित रुपमा अगाडि बढाउनु पर्ने बताए । उनले संचारगृहलाई लोकतान्त्रिक विज्ञापन निष्पक्ष ढंगबाट उपलब्ध गराउन प्रदेश सरकारले सशक्त भूमिका निर्वाह गर्न आग्रह गरे । कार्यक्रममा सञ्चार रजिष्ट्रार रेवती सापकोटा, नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, राप्रपाका नेता सीताराम बर्तौला, मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईं, मकवानपुरका प्रहरी प्रमुख सीताराम रिजालगायतको उपस्थिति थियो ।

## प्रगति माविमा वक्तृत्वकला

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ हेटौंडा उपमहानगरपालिका-९, स्थित प्रगति माध्यमिक विद्यालयमा मंगलबार वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ । सहिद दिवसको अवसरमा वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको हो ।

प्रतियोगितामा आधारभूत तह र माध्यमिक तहका गरी १९ जना विद्यार्थीले भाग लिएका थिए । प्रतियोगितामा आधारभूत तहतर्फ कक्षा ७ का निरञ्जन महतो प्रथम, कक्षा ८ की कृज्मा अर्यालय द्वितीय, कक्षा ७ का शशाङ शाही तृतीय र कक्षा ७ कै दीया पराजुली सान्त्वना भएका छन् । यसैगरी, मावितर्फ कक्षा १० की प्रकृत दाहाल उत्कृष्ट हुन सफल भइन् ।

प्रतियोगितामा कक्षा ७, ८, ९ र १० का छात्रछात्राले सहभागिता जनाएका थिए । विद्यालयका प्रधानाध्यापक निरञ्ज प्रसाद ढकालको अध्यक्षतामा भएको प्रतियोगितामा शिक्षकहरु यादवप्रसाद दाहाल र मन्दिरा रुम्बाले निर्णायकको भूमिका निर्वाह गरेका थिए भने ज्योति न्यौपानेले कार्यक्रम सञ्चालन गरेका थिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

"Education is the real treasure"

HETAUDA ACADEMY
EDUCATION IS THE REAL TREASURE
25 Years of
Excellence in Education
Celebrating Silver Jubilee
18 days to go

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
057-525548 057-525547 057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

साझाकुरा

## हाम्रो कुरा

# स्थानीय सरकारको एकलअधिकारको बहस

संविधानले नै दिएको नदीजन्यपदार्थ (खोला), खानी क्षेत्रको उत्खनन् र निकासी कर संकलनमा एकलअधिकार स्थानीय तहको रहेको भन्दै मकवानपुरका जनप्रतिनिधिले चासो देखाएका छन् । नदीजन्यपदार्थ र चुनढुंगा खानी स्थानीय तहको प्रमुख आन्तरिक आयस्रोत हो । तर, संविधानले दिएको एकलअधिकार बमोजिम उत्खनन् र निकासी कर संक्लनमा राजश्व बाँडफाँड गरिरहनु परेको भन्दै मकवानपुरको स्थानीय तहका प्रमुख र उपप्रमुखहरु असन्तुष्ट बनेका छन् । जिल्लाका सबै पालिका प्रमुख र उपप्रमुखहरु केही समय अघि भेला बसेर नदीजन्यपदार्थ र खानी क्षेत्रको उत्खनन् र निकासी कर संकलनमा संविधानले दिएको एकलअधिकार प्राप्तिको संघर्षमा होमिने मनस्थिति बनाएका छन् । बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको अध्यक्षतामा केही समय पहिले भएको बैठकमा स्थानीय तहको एकलअधिकारको विषयमा संघ र प्रदेश सरकारले कानुनमार्फत हस्तक्षेप गरेको निश्कर्ष निकालिएको हो । बैठकमा भीमफेदी गाउँपालिकाले खोला र खानी क्षेत्रको उत्खनन् र निकासी कर संकलनसम्बन्धी प्रस्तुती गरेको थियो ।

जनप्रतिनिधिले संघ सरकार र बागमती प्रदेशबाट जारी भएको वातावरण संरक्षण ऐन बाझिएको भन्दै बागमती प्रदेश सरकारसँग संशोधन मागेका छन् । स्थानीय सरकारले प्राकृतिक स्रोतमाथिको अधिकार प्रयोग गरी राजश्व आम्दानी गर्न समस्या भएको भन्दै समस्या सुल्झाउन जिल्लाका १० वटै पालिका प्रमुख तथा उपप्रमुखहरु सहमत देखिएका हुन् । उनीहरुले नदीजन्यपदार्थ उत्खनन् तथा बिक्री बितरण गर्ने कानूनी प्रक्रिया संविधानत कार्यान्वयन हुनुपर्नेमा जोड दिएका छन् । जिल्लाका १० वटै पालिकाले संवैधानिक व्यवस्थाअनुसार नदीजन्यपदार्थ र खानी क्षेत्रको उत्खनन् र निकासी कर शुल्क संकलन एकलअधिकार क्षेत्रभित्र पर्ने जिकिर गरेका छन् । नेपालको संविधानको धारा ५७ मा राज्य शक्तिको बाँडफाँडको सन्दर्भमा उपधारा (४) अन्तर्गत स्थानीय तहको अधिकार अनुसूची (८) मा उल्लेखित विषयमा निहित रहने तथा संविधानको धारा २१९ मा स्थानीय तहको कार्यकारिणी सम्बन्धी अन्य व्यवस्था संविधानको अधीनमा रही संघीय कानून बमोजिम हुने व्यवस्थाले खोला र खानी स्थानीय तहको एकलअधिकार क्षेत्रभित्र रहेको स्थानीय तहहरुले दाबी गरेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को को दफा ११ (२) मा नेपालको संविधान अन्तर्गत अनुसूची (८) मा राखिएको स्थानीय तहको एकल अधिकार सूचीको सर्वमान्यतालाई प्रतिकूल असर नपर्ने गरी गाउँपालिका/नगरपालिकाको विभिन्न काम कर्तव्य र अधिकार हुनेछ भन्ने व्यवस्थाअन्तर्गत ऐनको दफा ११ को उपदफा २(घ) ६ मा ढुंगा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुंगालगायतका प्राकृतिक एवम् खानीजन्य वस्तुको विक्री निकासी शुल्क दस्तुर संकलनको अधिकार गाउँपालिका/नगरपालिकाको हुने भनी स्पष्ट रुपमा उल्लेख गरिएको पालिका प्रमुखहरुको बैठकले जिकिर गरेको छ ।

संविधानको अनुसूची-९ मा रहेको संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीको सर्वमान्यतालाई प्रतिकूल असर नपर्ने गरी संघ वा प्रदेशको कानूनको अधीनमा रहेर अधिकारको प्रयोग गर्ने व्यवस्था सोही ऐनको दफा ११ को उपदफा ३ र ४ मा रहेकोले नदीजन्य तथा खानीजन्यपदार्थसम्बन्धी विषय साझा अधिकारको विषय हो भनी उल्लेख भएको छैन । स्थानीय सरकार सञ्चालन ऐनकै दफा ६४ अन्तर्गत राखिएको प्रदेश र गाउँपालिका वा नगरपालिकाको दोहोरो अधिकारक्षेत्रभित्रका कर निर्धारण र बाँडफाँटलाई संघीय आर्थिक ऐन, २०७५ ले खारेज गरिसकेकोले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ अन्तर्गत रहेको प्रदेश र स्थानीय तह दुवैको अधिकारसूचीमा रहेका कर र सो को बाँडफाँटको व्यवस्थाअन्तर्गत ढुंगा, गिट्टी, बालुवा नदीजन्य तथा खानीजन्यपदार्थको उत्खनन् निकासी शुल्क संकलनलाई प्रदेश र स्थानीय तहको साझा अधिकारको रुपमा समावेश गरेको छैन । प्रदेश सरकारले स्थानीय तहको एकल अधिकारक्षेत्रभित्र रहेको विषयका सन्दर्भमा कार्यविधि जारी गर्न नपाइने गाउँपालिकाको दाबी छ । वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिका सन्दर्भमा स्थानीय तहको एकल अधिकार क्षेत्र अन्तर्गत पर्ने विषयसँग सम्बन्धित प्रस्तावको विषयमा प्रदेशसभाले कानूनमार्फत हस्तक्षेप गरी यो वा त्यो निकायसमक्ष पेश गर्न भनी निर्देशन दिन पनि नपाइने जनप्रतिनिधिहरुको तर्क छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० माघ १८ गते बिहीबार १ फेब्रुअरी २०२४ । षष्ठी, माघ कृष्णपक्ष । पोहेलागा ११४४ ने.सं. । सूर्योदय ६:५३, सूर्यास्त ५:४३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : भूमिबाट लाभ लिने समय छ | तुला | : उपचारमा खर्च हुनेछ |
| वृष | : बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ | वृश्चिक | : लेनदेनमा विवाद हुनेछ |
| मिथुन | : महत्वाकांक्षी योजना फलीभूत हुनेछ | धनु | : मन खिन्न बनाउन सक्छ |
| कर्कट | : काममा परिवारको सहयोग मिल्नेछ | मकर | : दिन उत्साहपूर्ण बन्नेछ |
| सिंह | : स्वास्थ्यमा कमजोरी हुनेछ | कुम्भ | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ |
| कन्या | : धार्मिक कार्यले फाइदा हुनेछ | मीन | : व्यावसायिक यात्राको सम्भावना छ |

# ‘प्रदेशमा प्रहरीलाई लग्दैमा भयङ्कर के काम हुन्छ ?’



✍ सर्वेन्द्र खनाल

संविधानमा नेपाल प्रहरी संघमा रहने र प्रदेशमा प्रदेश प्रहरी हुनेछ भन्ने व्यवस्था छ । अब, संविधानको मर्म र भावनालाई विचार गरेर जानुपर्छ । हाम्रो देशको चारैतिर खुला सिमाना छन्, स्रोत साधन थोरै छ । त्यस्तोमा चाहिँ एक आपसमा सबै समन्वय गरेर काम गर्नुपर्ने बाध्यात्मक परिस्थिति छ । कतिपय कानुन नै छैनन् । क्रसबोर्डर क्राइमको अवस्था आयो भने सुपुर्दगी गर्नसक्ने सन्धि छैनन् । आपराधिक गतिविधिहरु निस्तेज गर्न हामीसँग ठुलो चुनौती छ ।

संघीयताको मर्मको हिसाबले हेर्दा अब सबै प्रदेशबाट प्रदेश प्रहरीचाहिँ आफ्नो नियन्त्रण र सुपरिवेक्षणमा राख्नुपर्छ भन्ने आइरहेको छ । म आईजीपीमा बहाल रहँदा पनि त्यो कुरा आएको हो । सक्षम प्रहरी, उन्नत समाज र पर्याप्त साधन स्रोत र क्षेत्रको हिसाबले सबैतिर समान वितरण हुनसक्ने अवस्थामा संघीय संरचनाको प्रादेशिक रुपमा फिजिवल देखिन्छ । नभए हाम्रोजस्तो ठाउँमा प्रदेश संरचनामा लगेर एकरुपता ल्याउन नसक्ने अवस्थामा ‘कमाण्ड कन्ट्रोल’मा राख्न मुस्किल हुन्छ ।

नेपाल प्रहरी र प्रदेश प्रहरी कार्यसञ्चालन सुपरिवेक्षण, समन्वय ऐन-२०७६ अनुसार प्रदेश प्रहरी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्रालय र प्रजिअको मातहतमा राख्ने व्यवस्था छ । अहिलेको व्यवस्था अनुसार सीडीओ केन्द्रको मातहतमा हुन्छन् । २०१२ सालको प्रहरी ऐनलाई प्रतिस्थापन गर्ने ‘संघीय प्रहरी ऐन’ मस्यौदाकै चरणमा छ । निजामती ऐन पनि बनिसकेको अवस्था छैन । केन्द्रिकृत अवस्थामा त अहिले पनि डुप्लिकेशन भइरहेको अवस्था छ । प्रहरीलाई कसको कमाण्डमा राख्ने ? प्रहरी प्रधान कार्यालयको जिम्मेवारी के त ?

समायोजनमा लैजाँदा प्रहरी उपरीक्षकसम्म केन्द्रले हेर्न पाउने व्यवस्था कानुनमा छ । समायोजन भएर जानेहरु वरिष्ठ उपरीक्षकभन्दा माथि जान पाउने अवस्था छैन । उनीहरुको करिअर ग्रोथ कसरी हुने ? प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)हरुलाई प्रदेशभित्र कहाँ सरुवा गर्ने ? एउटै मान्छे कति वर्षसम्म राख्ने ? एउटा प्रदेशमा २-३ जना भन्दा एसएसपी अट्दैनन् । त्यसले गर्दा एउटै मान्छेलाई ५-७ वर्ष एकै ठाउँमा राख्नुपर्ने बाध्यता आउँछ । सिनियर अफिसरको हकमा उनीहरु जान नचाहने अवस्था छ । किनभने, एकै ठाउँमा सीमित हुन चाहँदैनन् । कि, रिक्रुरमेन्ट त्यसरी नै आउनुपर्छ । सबै हेर्दा जुनियर अफिसरसम्म चाहिँ एउटा प्रदेशमा धेरै ठाउँमा काम गर्न पाउने वातावरण हुनसक्छ । सिनियरको अफिसरको करिअर ग्रोथका लागि प्रदेशमा समायोजन गर्दा समस्या हुन्छ ।

सबैजना केन्द्रमा बस्न खोज्ने प्रबृत्ति छ । किनभने, केन्द्रमा बसेपछि आईजीपी सम्म हुनसक्ने कुराहरु छन् । प्रदेशमा प्रदेशको कानुन अनुसार बढुवा हुन्छ । त्यहाँ, दुईवटा सरकार हुन्छन् । केन्द्र र प्रदेश छुट्टै सरकार रहँदा हेर्ने दृष्टिकोण फरक छ ।

प्रदेशले आ-आफ्नै किसिमका कानुन बनाउन थाल्छन् । एउटा प्रदेशको कानुन अर्को कानुनमा बाझिन थाल्छ । करिअर ग्रोथका कुरा पनि बाझिन थाल्छ । ट्रेनिङ सेन्टर बनाउँदा कस्ता विशेषता राख्ने भनेर फेरि विरोधाभाष हुन्छ ।

नेपाल प्रहरीले अहिले सफलतापूर्वक काम गरिरहेको अवस्था छ । अहिले गर्न सकेन भन्ने अवस्था नहुँदा फेरि असहज बनाएर लानु हुँदैन । संघीयता अथवा यो संरचनामा भनेको त सर्भिस डेलिभरी राम्रो होस्, कानुन कार्यान्वयन राम्रोसँग गरोस्, ‘रुल अफ ल’ मेन्टेन गर्न सकोस् र जनताले अहिलेभन्दा शान्ति सुरक्षाको अनुभूत गर्न सकुन् भन्ने हो । ती व्यवस्थाहरु गर्दै जाने कुरा हो । तर, अहिले भइरहेको अवस्थाबाट पनि झन् खत्तम हुने अवस्था आउने भएपछि त्यतातिर जानुहुन्न ।

जानुपर्ने अवस्थामा मेरो तर्फबाट भन्नुपर्दा संविधानमै परिमार्जन गरेर लानुपर्ने अवस्था छ । त्यसबेला नेपाल प्रहरीको प्रदेश प्रहरी भनेर जानुपर्छ भन्ने हाम्रो जिकिर थियो । त्यसा अवस्थामा कानुन कार्यान्वयन सहज पनि हुन्छ । यहाँ त प्रहरीलाई जसरी हुन्छ, आफ्नो मातहतमा राख्ने भन्ने देखिन्छ । प्रदेश र संघबाट जाने प्रजिअले प्रहरीलाई मातहतमा राखेपछि प्रहरी प्रधान कार्यालय भूमिकाबिहीन हुन्छ । भोलि जिम्मेवारीचाहिँ कसले लिन्छ ?

प्रमुख जिल्ला अधिकारी र प्रदेशले ‘दोहोरो कमाण्ड’ गर्दा विवाद आउँछ । अहिले त प्रहरी प्रधान कार्यालयले भनेका कुराहरु नहुने अवस्था छ ।

ठुला गम्भीर प्रकृतिका अपराधहरु र ट्रान्सबोर्डर क्राइम भएको अवस्थामा भोलि एक प्रदेशले हेर्ने दृष्टिकोण अर्को प्रदेशमा बेमेल हुन्छ । भोलि कानुन कार्यान्वयन गर्दा र अपराधी पक्राउ गर्दासमेत अप्ठ्यारो अवस्था आउँछ । अहिले कै अवस्थामा त एउटा जिल्लाबाट अर्को जिल्लामा अनुमति बिना किन गएको भनेर प्रश्न उठ्ने गर्छन् । अपराधीलाई पक्राउ गर्ने विषय अरुलाई जानकारी दिँदै गर्ने विषय होइन ।

गम्भीर अपराध र ट्रान्सबोर्डर क्राइमको अवस्था विगतमा हामीले हेरेका छौँ । आतङ्कवादी गतिविधि वा जघन्य अपराधजस्ता ठुला अपराधलाई हेर्ने दृष्टिकोण एउटै हुनुपर्छ । कानुनी रुपमा राज्य सक्षम हुनुपर्छ । अनि, प्रदेशमा लगेर नेपाल प्रहरीचाहिँ मेरो मातहतमा राख्छु भन्ने धृष्टतामात्रै राखेर हुँदैन । प्रहरी सबै जनता र राष्ट्रको लागि हो । उहाँ (प्रदेशमा बस्नेहरु)को के काम बनेन अहिलेसम्म ? नेपाल प्रहरीले काम गरेन कि ? प्रदेशमा प्रहरीलाई लग्दैमा भयङ्कर के काम गर्नुपर्ने छ ?

क्षेत्रीय प्रकृतिका मुद्दा हुन्छन्, सामाजिक परिवेशका मुद्दामा प्रदेशका प्रहरीले काम गर्छन् भन्ने प्रदेशका अधिकारीहरुको तर्क छ । त्यो त अहिले पनि गरिरहेका छन् । म आईजीपी हुँदा समुदायमा प्रहरीलाई लैजाने अभियान चलाएँ । समुदायको समस्या के छन्, त्यहाँका स्पेसिफिक समस्याहरुमा प्रहरीले गर्नसक्ने र समुदायसँग मिलेर केके गर्न सकिन्छ भनेर गर्ने परिपाटीको त विकास भएकै छ । तर, यहाँ के भयो भने पुलिसलाई मेरो मातहतमा राखेर राजनीतिक अभिष्ट पूरा गर्नुपर्छ भन्ने देखिन्छ ।

अल्प विकिसित र विकासोन्मुख मुलुकमा प्रहरीलाई दुरुपयोग गरेर आफ्नो राजनीतिक अभिष्ट पूरा गर्ने पनि देखिएको छ । पुलिसलाई अघि-पछि लगाउने, उसलाई भनेको गर्न बाध्य बनाउने गरिन्छ । तर, त्यो होइन नि ! प्रहरी कानुन कार्यान्वयन गर्ने निकाय हो । यहाँ समस्या के भने, आदेशमा काम गराउनुपर्छ भन्ने मानसिकतामा छ । भोलि एकदमै ठुलो अव्यवस्था, असुरक्षाको अवस्था र बेमेल हुने अवस्था आउँछ ।

### अपराधीले सेल्टर पाउँछन्

एउटा प्रदेशमा अपराध गरेर भाग्नेहरुलाई अर्को प्रदेशले सेल्टर दिने अवस्था आउँछ । प्रदेशले अपराधको प्राथमिकता तय गर्न थाल्छन् । मधेसमा ट्रान्सबोर्डर क्राइम, अपहरण, आर्थिक अपराध र हत्या प्राथमिकताको विषय होलान् । अर्को प्रदेशमा सामाजिक अपराधलाई प्राथमिकता दिइन्छ । छाउपडीको विषलाई कर्णाली र सुदूर पश्चिमले प्राथमिकता देलान् । राष्ट्रिय लेभलमा गर्नुपर्ने आवश्यकतालाई बुझ्ने परिपाटीको सामञ्जस्यता हुँदैन । त्यो नहुनासाथ एकले अर्कोलाई असहयोग गर्ने परिपाटी आउँछ । अहिले नेपाल प्रहरी र सशस्त्रको बिचमा बेला बेलामा कार्यक्षेत्रको विषयको कुरा आइरहन्छ ।

निजामतीको कानुन ल्याउनु नपर्ने अनि, प्रहरीचाहिँ प्रदेशको नियन्त्रणमा लगिहाल्नुपर्छ भन्ने कहाँको चलन हो ? प्रहरी महानिरीक्षकलाई जिम्मेवार बनाउँ न ! फौजको आफ्नै किसिमको कार्यशैली, कार्य प्रकृति हुन्छ । समायोजन गरेपछि आईजीपी के रह्यो त ?

भोलि एउटा प्रदेशमा काम गर्न नसकेर अरु प्रदेशबाट थप मद्दत पठाउनुपर्दा कहाँबाट पठाउने ? तत्काल सम्बोधन गरिँदैन । दुई प्रदेशको बिचमा मनमुटाव भएमा तत्काल फौज पठाउनुर्ने कहाँबाट हो ? हाम्रोजस्तो भौगोलिक अवस्था भएको ठाउँमा तत्काल मान्छेहरु ट्रान्सपोर्ट गर्न सक्ने अवस्था हुँदैन । त्यतिन्जेल स्थिति नियन्त्रण बाहिर गइसके के हुन्छ ? हाम्रो यो अवस्था पनि हेरौँ न । हाम्रो अवस्थिति र परिस्थितिमा कस्तो च्यालेन्ज छ भन्ने विषयमा पनि छलफल गर्नुपर्छ ।

प्रदेशमा भएको प्रहरी बिचको समन्वय र कमाण्ड कन्ट्रोल राम्रो भयो र वृत्ति विकास हुने अवसर रह्यो भने न त्यहाँ काम गर्छन् । एउटै जिल्लामा एसपी केन्द्रको र ईलाका प्रहरी कार्यालयका डीएसपी, इन्स्पेक्टर प्रदेशका हुन्छन् । त्यस्तोमा डीएसपीहरुले जिल्लाको आदेश नमान्ने अवस्था आउँछ । अहिले त त्यो अवस्था देखिन्छ । आज क्षेत्रगत रुपमा समस्या आउँदा आईजीपीले मिलाउँछन् । त्यसैले भोलि पनि आईजीपीलाई उत्तरदायी बनाउनुपर्छ ।

यहाँ त अपराध अनुसन्धानको कुरा हो, तस्करी नियन्त्रणको विषय हो । त्यो विषयमा राम्रो गरोस् भनेर लाग्नुपर्छ तर, पुलिसलाई मेरो कब्जामा राख्छु भन्ने सोच राख्नु भएन नि !

### करिअर प्लानिङमा समस्या

प्रदेशमा परिचालित प्रहरी कर्मचारीको कार्यक्षमता मूल्याङ्कनसम्म प्रदेशले गरिदिँदा हुन्छ । कार्यक्षमता मूल्याङ्कन प्रजिअले गर्ने वा प्रदेशको आन्तरिक मामिला मन्त्रालयले गर्ने भन्नेबारे स्पष्ट छैन । सो स्पष्ट नआउँदै अहिले हतारमा समायोजन गर्नुपर्छ भन्ने छैन ।

इन्स्पेक्टरबाट एसएसपीसम्म भएपछि त्यहाँबाट माथि जाने ठाउँ कहाँ हो ? एसएसपीमध्येबाट कसरी डीआईजी हुने र केन्द्रमा कसरी जाने भन्ने प्लानिङ छैन । प्रदेशको छुट्टै स्रोत बाहिरी मुलुकमा जस्ता ठुला स्टेट भएको अवस्थामा विकेन्द्रित भएर जाँदा ठिक हो । तर, हाम्रो परिवेशमा यसैलाई बढी अकाउन्टेबल र बढी रेस्पोन्सेबल बनाउनुपर्ने ठाउँमा प्रहरीलाई टुल्सको रुपमा प्रयोग गर्ने परिपाटी छ । अर्को, राजनीतिमा अपराधीकरण भएको छ । हिजोका गुण्डा र तस्कर मन्त्री भएका छन् । त्यस्तोमा उनीहरुकै मातहत बस्नुपर्दा कुन मोरल र नैतिकताले मान्छेले काम गर्न सक्छ ? कुरा गम्भीर छ ।

आज मेचीबाट हिँडेको बस भोलि महाकाली नपुग्ने अवस्था छ । प्रदेशपिच्छे फरक ट्राफिक नियम लगाइदिएर जनतालाई दुःख दिने ? लाइसेन्सको नियम फरक-फरक, मान्छे यिनै हुन् । अनि, अहिले सेवामा भएकाहरु फेजआउट नभइकन कसरी रिक्रुटमेन्ट हुन्छ ? समायोजनमा जान नचाहने प्रहरीलाई लगेर कुन पुलमा थन्क्याउने ? त्यसैले जुनियर अफिसरसम्मलाई मात्र समायोजनमा लैजाँदा हुन्छ, क्रमशः हुनेगरी । तर, अहिलेको कानुन, स्रोतले डुप्लिकेशन हुने र स्रोत दुरुपयोग गर्नेमा लाग्नु हुँदैन ।

नेपाल र भारतको बिचमा खुला सिमाना छ । अहिले त हाम्रा अपराधीलाई भनेका समयमा हामीले ल्याउन सकेका छैनौँ । कानुनले त सहायता दिएको छैन नि, अप्ठ्यारो छ । किनभने अर्को राज्यसँग डिल गर्न हाम्रो राज्य पनि बलियो हुनुपर्छ । नेपाल र भारतको बिचमा व्यावसायिक आधारमा मात्र सहयोग आदानप्रदान भएका छन् । कानुनले नै त्यसलाई इक्युप्ट गरिदिएको र सहज बनाएको त छैन । तस्करीमा पनि एउटा र अर्को प्रदेशले हेर्ने दृष्टिकोण फरक छ । लाइफलाइन एउटा प्रदेशमा ब्लक वा अशान्ति भयो भने काठमाडौँ र अन्य सहरमा खानेकुरा ल्याउन सकिँदैन । त्यहाँ इन्टरभेन्सन गर्नुपरेमा अहिले पनि अप्ठ्यारो छ ।

विगतमा ब्लकेड हुँदा कति अप्ठ्यारो अवस्था भयो । राजमार्गलाई सधैँ खुला राख्नुपर्ने अवस्था छ, त्यो कुरा नेतृत्वले बुझ्न जरुरी छ । अधिकारका लागि प्रदेशमा सान-मान चाहिन्छ भनेर यो गर्ने विषय होइन । प्रहरीको सर्भिस डेलिभरी कसरी राम्रो गर्न सकिन्छ, न्याय सम्पादन गर्न सकिन्छ, सबैका लागि न्यायको पहुँच कसरी हुन्छ भन्ने विषय हो यो । सबैले मैले भनेजस्तो प्रहरी हुनुपर्छ भनेर हुँदैन ।

पोजिशनमा पुग्दा, नियुक्ति र बढुवामा पैसाको कुरा आएको छ । अनि त्यहाँचाहिँ हामीले स्वच्छ हुन्छ भनेर लिन सकिन्छ ? प्रहरीलाई लगेर दुरुपयोग गर्न खोजिएको छ । अरुलाई पावर देखाएर राजनीति गर्न खोजिँदै छ । कतिपय कुरा संविधानमा समस्या देखियो भने राष्ट्रको लागि परिमार्जन गर्नुपर्छ । संघीय प्रहरी ऐन, निजामती ऐन आउनुपर्छ । सीडीओ, सरकारी वकिल, मुख्यमन्त्री सबैले निर्देशन नै प्रहरीलाई मात्र दिने कस्तो परिपाटी हो ? प्रदेशमा राम्रो काम गर्न अहिले रोकिएको छ र ? प्रदेशमा हुँदा प्रदेशमा र संघमा हुँदा मन्त्री र मुख्यमन्त्रीहरुलाई पावर चाहिने यो त ठिक भएन नि ।

बाहिरको अवस्थामा इन्टरपोलसँग समन्वय गर्न कहाँको प्रहरीले गर्छ भन्ने स्पष्ट भएको छैन । युएनमा प्रतिनिधित्व गर्ने कहाँको प्रहरी हो ? उसले हेर्दा देशको कुराले हेर्छ । इन्टरपोलले खोजेको मान्छे प्रदेशले नदिए के गर्ने हो ? त्यसैले संघीय प्रहरी ऐनसहित यी सबै क्लियर हुन जरुरी छ ।

*(साभार: रातोपाटी)*

---

# राष्ट्रपतिको भूमिका अविभावकीय कि सक्रियता ?

✍ महेशप्रसाद पोखरेल

नेपाल गणतन्त्रात्मक पद्धतिमा प्रवेश गरेको १६ वर्ष लागेको छ । यसबीचमा तीन कार्यकालका रुपमा दुईवटा र चौथो कार्यकालका रुपमा रामचन्द्र पौडेल राष्ट्र प्रमुखको भूमिकामा छन् । गणतन्त्रको यो छोटो अभ्यासमा राष्ट्र प्रमुखबाट धेरै अपेक्षा नगरे पनि एक दशकभन्दा लामो समय बितिसकेकाले अब चाहिँ राष्ट्र प्रमुखको भूमिका कस्तो हुनुपर्छ भन्ने सकारात्मक मानक तयार गर्न ढिला गर्न हुन्न ।

पहिलो राष्ट्रपतिका रुपमा डा. रामवरण यादवको पालामा संविधान पनि बनी नसकेको हुँदा संक्रमणकालीन समय थियो । उनको भूमिका पनि संक्रमणकालीन नै रह्यो । संविधान निर्माणको गुरुत्तर दायित्व भएको हुँदा सबै ध्यान त्यतै लगाउनु परेका कारण यसमा मुलुकको ध्यान कम जानु स्वाभाविक पनि थियो । केही छिटपुट बाध्यकारी निर्णयबाहेक उनको भूमिका सकारात्मक नै थियो ।

संविधान जारी भएपछिको राजनीतिक स्थिरता कायम भएको दोस्रो कार्यकालमा विद्या भण्डारीलाई राम्रो परम्परा र प्रचलन स्थापित गर्ने सुनौलो अवसर मिलेको थियो । तर, उनको अपरिपक्व गतिविधि र निर्णयले यस्तो परम्परा स्थापित हुनुको साटो संविधानको उल्लंघन गरेर धारा ११३ नै निस्क्रिय बनाउने काम भयो ।

उनले दुई कार्यकाल पूरा गरेपछि पौडेल चौथो कार्यकालका लागि राष्ट्रपति निर्वाचित भएका छन् । उनको पनि झन्डै एक वर्षे अवधि पूरा हुन लागेको छ । राष्ट्रपति पदमा उमेदवारी दिएपछि पौडेलले घोषणा गरेका थिए, ‘आफू राजा र जनताका छोरो राष्ट्रप्रमुख हुनुको फरक देखाउँछु ।’ त्यसअनुरुप उनले यसअघिका राष्ट्रपतिले गर्ने तामझाम अस्वीकार गरेर आवागमन र अन्य भेटघाट सरलीकृत गर्ने प्रयास पनि गरे । त्यसको सर्वत्र प्रशंसा पनि भयो ।

तर, यसबीचमा उनले संविधान बमोजिम र खासगरी धारा ६६ को पालना गर्दै गरेका कतिपय निर्णयमाथि पनि आलोचना गरेर बेलाबेलामा उनलाई पनि विवादकै घेरामा ल्याउने प्रयत्न भइरहेको छ । विद्या भण्डारीले संसदको बहुमतले पारित गरेर दुई-दुई पटक पठाएको नागरिकतासम्बन्धी ऐन संसोधन गर्न बनेको विधेयक अस्वीकार गरेर संविधानको उल्लंघन गर्दै धारा ११३ लाई निस्क्रिय पार्ने प्रयत्न गरिन् ।

संसदको सर्वोच्चता स्थापित गर्न र निस्क्रिय संविधानलाई बाटोमा ल्याउने निर्णय गर्दा पौडेलले गर्नुपरेको अतिरिक्त भूमिकाबाहेक उनले अहिलेसम्म गरेका निर्णय संवधानसम्मत् नै छन् । तर पनि उनलाई विवादमा ल्याउने प्रयत्न भइरहँदा कुनै राजनीतिक दल वा नेताको तुष्टी त पूरा होला, तर संघीय लोकतान्त्रिक गणतन्त्रले स्थायित्व पाउन कठिन हुन्छ ।

हालैको एउटा घटनालाई उदाहरणका रुपमा लिन सकिन्छ । दुई साताअघि राष्ट्रपति पौडेलले तीन दलका शीर्ष नेताहरु शेरबहादुर देउवा, केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्डलाई बोलाएर तीन वटा बुँदामा ध्यानाकर्षण गराए ।

पहिलो, संविधान कार्यान्वयन निम्ति प्रदेशहरुलाई अधिकार सम्पन्न बनाउने गरी छिटै कानुन निर्माण गर्ने । उनले संघीय शासन प्रणालीलाई मजबुत बनाउन प्रदेशहरुलाई अधिकार दिन कुनै कन्जुस्याइँ नगर्न तीनवटै नेताहरुलाई सुझाव दिएको समाचार सार्वजनिक भयो ।

दोस्रो, उनले भ्रष्टाचारका कारण लोकतान्त्रिक गणतन्त्रलाई नै बदनाम गराउन थालिएकाले अलिकति घच्चपच्च सहेर पनि मुलुकलाई सुशासन दिएर व्यवस्थाप्रति भरोसा अभिवृद्धि गराउनुपर्ने । तेस्रो, विश्वविद्यालयहरुमा भइरहेका राजनीतिक हस्तक्षेपले तिनको गिर्दो साख जोगाउन भागबन्डा नगरी ‘राम्रा मान्छे’लाई उपकुलपतिलगायत पदाधिकारी नियुक्तिका लागि सुझाव दिएका थिए ।

यी तीन विषयमा राष्ट्रपति पौडेलले तीन नेतालाई बन्द कोठामा राखेर लामै छलफल गरे । तर त्यसको केही अंशमात्र राष्ट्रपति कार्यालयले जनताका जानकारीका लागि सार्वजनिक गरेको पाइयो । त्यसको तीन दिनपछि राष्ट्रपति पौडेलले माघी पर्वको अवसर पारेर सभामुख र राष्ट्रियसभाका अध्यक्षलगायत प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने स्वतन्त्रसहित सबै राजनीतिक दलका नेतालाई दिवाभोजको आयोजना गरे । जहाँ पौडेलले संविधानको पूर्ण कार्यान्वयन नभएकाले जनतामा निराशा देखिएको बताउँदै संघीय संसदमा रहेका दलहरूलाई संविधान कार्यान्वयनका लागि तत्काल कानून बनाउन आग्रह गरे । समावेशी संघीय लोकतान्त्रिक गणतन्त्र साकार पार्छौं भन्ने प्रण गर्न आग्रह गर्दै उनले भनेका थिए, ‘यो संविधानले उत्पीडित, उपेक्षित, पिछडिएका जनतालाई अधिकार सम्पन्न बनाएको छ ।’ यो बेजोड अधिकार दिइएकामा विश्व समुदायले पनि हाम्रो संविधानको प्रशंसा गरेको छ ।

तर यसको व्यावहारिक रूपमा पूर्ण कार्यान्वयन हुन बाँकी छ । जनतामा देखिएको निराशा अरु कारणले होइन, संविधान कार्यान्वयन नभएर हो । संविधान कार्यान्वयन गर्न छिटो कानुन बनाएर जनताको निराशालाई आशामा परिणत गरौं ।’ हुन पनि सत्ता राजनीतिका लागि मरिहत्ते गर्ने तर जनता आफैंले बनाएको संविधानबमोजिम निर्माण गर्नुपर्ने कानुन निर्माणमा पटक्कै ध्यान नदिने प्रवृत्ति देखिएको छ । सरकार र राजनीतिक दललाई मुलुकको अविभावकका रुपमा राष्ट्रपतिले सौम्य शैलीमा सजग गराउनु संविधान संरक्षकका नाताले दायित्व पनि हो ।

संविधान कार्यान्वयन गर्न नैतिक दबाब बढाउँदा दलका नेताहरुको भूमिकाबाट निराश हुँदै गएका आमनागरिकले प्रशंसा गरेकै पाइयो । नेपाली प्रेस जगतले पनि यसलाई उत्साहपूर्वक यसलाई सकारात्मक रुपले नै लिएको देखिन्छ ।

केही बुद्धिजिबीहरुले राष्ट्र प्रमुखबाट गराएको यो ध्यानाकर्षणप्रति सरकार र राजनीतिक दल गम्भीर हुनुपर्ने धारणा पनि सार्वजनिक गरे । तर, एमालेका केही नेता र केही प्रतिष्ठित भनिएका कानुनविद्हरुले भने यो विषयलाई पनि प्रश्नको घेरामा राख्ने प्रयत्न गरेका छन् । राष्ट्रपति पौडेलले गरेका हरेक गतिविधि अपव्याख्या गरी जनतालाई दिग्भ्रमित गरेर यसअघि कि सर्वाधिक आलोच्य राष्ट्रपति विद्या भण्डारीका गलत कदमलाई ढाकछोप गर्न र औचित्यपूर्ण बनाउने केही एमाले नेताको नियत बुझ्न कठिन भएन ।

तर राष्ट्रपतिका यी दुईवटा ध्यानाकर्षणमा प्रतिष्ठित मानिएका केही कानुनविद्हरुले समेत किन यस्तो प्रश्न उठाए भन्नेमा चाहिँ यो पंक्तिकारको जिज्ञासा हो । एक जना प्रतिष्ठित कानुनविद्ले एउटा प्रतिष्ठित सञ्चारमाध्यममा राष्ट्रपति पौडेलले प्रधानमन्त्री तथा राजनीतिक दलका नेतालाई सुझाव दिनु मनासिव नै भए पनि यो विषय उनले प्रधानमन्त्री र नेतालाई कानमा खुसुक्क भन्नुपर्ने थियो भन्ने धारणा सार्वजनिक गरे ।

अर्थात् राष्ट्रपतिले प्रधानमन्त्री र राजनीतिक दलका नेतालाई संविधान कार्यान्वयन र सुशासन कायम गर्न दिएको सुझाव जनतालाई सुसूचित गरेको विषयमा उनको आपत्ति थियो । यसले राष्ट्रपतिको सक्रिय भूमिकालाई इंगित गरेको अर्थ लगाए । ती कानुनविद्ले उठाएको प्रश्नले उनीहरुले संविधानको धारा ६१ र संविधानको धारा २७ लाई नबुझेको त भन्न मिलेन । तर, ती धाराहरुको मर्ममाथि नै प्रहार गरेको चाहिँ प्रष्ट बुझ्न सकिन्छ । संविधानको धारा ६१ को २ मा ‘राष्ट्रपति नेपालको राष्ट्राध्यक्ष हुनेछ । निजले यस संविधान र संघीय कानुनबमोजिम आफ्नो कार्य सम्पादन गर्नेछ’ भनिएको छ । त्यस्तै ६१ (३) मा राष्ट्रपतिले नेपालको राष्ट्रिय एकताको प्रवर्धन गर्नेछ र (४)मा संविधानको पालन र संरक्षण गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुन्छ’ भनिएको छ ।

क्रमशः पृष्ठ-३...

# किसान आन्दोलनपछि दूधको अनुदान कटौतीको सूचना स्थगन

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/दूधमा दिँदै आएको उत्पादनमा आधारित अनुदान रकम कटौती गरेको विरोधमा मकवानपुरका दुग्ध उत्पादक किसान आन्दोलित बनेका छन् ।

किसान आन्दोलित बनेपछि बागमती प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले दूधको उत्पादनमा आधारित सूचना अर्को व्यवस्था नभएसम्मका लागि स्थगन गरेको छ । सूचनामा दूध अनुदान कटौती गर्न खोजिएको भन्दै किसान आन्दोलनमा उत्रिएका थिए । जिल्ला दुग्ध उत्पादक सहकारी संघको अगुवाईमा किसानले मंगलबार बागमती प्रदेशको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा तालाबन्दी गरी धर्ना दिएपछि सरकारले निर्णय स्थगन गरेको हो ।



प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव राजेन्द्र कोइरालाको अध्यक्षतामा बसेको बैठकले निर्देशनालयबाट जारी भएको सूचना तत्कालका लागि स्थगन गर्ने निर्णय गरेको हो । बैठकले उत्पादनमा आधारित अनुदान रकम वितरण गर्न थप बजेटका लागि पहल गर्ने निर्णय गरेसँगै किसानले धर्ना स्थगित गरेका हुन् । त्यसअघि मकवानपुर, चितवनसहित बागमती प्रदेशका विभिन्न जिल्लाबाट भेला भएका दुग्ध उत्पादक किसानले अनुदान कटौतीको विरोधमा प्रदेशको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा तालाबन्दी गरी धर्ना दिएका थिए ।

बागमती प्रदेश सरकारले आर्थिक वर्ष ०७५/७६ देखि दुग्ध सहकारी संस्थामार्फत किसानलाई प्रतिलिटर ५० पैसा अनुदान थालेको थियो । आर्थिक वर्ष ०७९/८० सम्म आइपुग्दा यो रकम प्रतिलिटर ३ रुपैयाँ ५६ पैसा पुऱ्याइएको थियो । यस आर्थिक वर्षमा भने कार्यक्रमका लागि पाँच करोड रुपैयाँ मात्रै विनियोजन गरेको छ । प्रदेश सरकारले कार्यविधि बनाएर स्थानीय तहबाट अनुदान नलिएका र नयाँ किसानलाई मात्र अनुदान दिने सूचना निकालेपछि किसानहरु आन्दोलित भएका हुन् ।

# नवोदयमा रचनात्मक 'प्लेस्टेसन' कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/सहिदहरुको सम्झनामा नवोदय शिशुसदन अंग्रेजी माध्यमिक विद्यालयमा सहिद दिवस तथा रचनात्मक प्लेस्टेसन कार्यक्रम आयोजना भएको छ ।

नवोदय साहित्यिक बगैंचा बालक्लव तथा नवोदय सामाजिक क्लवको संयुक्त आयोजनामा मंगलबार सहिद दिवस तथा रचनात्मक प्लेस्टेसन कार्यक्रम भएको हो । सहिद धर्मभक्त माथेमा, दशरथ चन्द, गंगालाल श्रेष्ठ र शुक्रराज शास्त्रीको तस्विरमा माल्यर्पण गरी कार्यक्रम उद्घाटन भएको हो । सहिद दिवस कार्यक्रमकी संयोजक तथा नवोदय साहित्यिक बगैंचा बालक्लवकी अध्यक्ष विदुषी हुमागाईको अध्यक्षतामा भएको कार्यक्रममा सहिद आकाश सुवेदीका छोरा दिनेश सुवेदीको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा प्रमुख अतिथि रहेका सुवेदीले सहिदको परिभाषामा अहिले धेरै परिवर्तन आएको बताए । 'सहिद घोषणा सामान्य नै बनिसकेको छ ।', उनले भने, 'सही नियत र गलत नियतले कार्य गर्दा पनि अहिले देशमा सहिद घोषणा हुन थालेको छ ।', नवोदय साहित्यिक बगैंचा बालक्लवकी उपाध्यक्ष दर्शना सापकोटाले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन् । नवोदय साहित्यिक बगैंचा बालक्लवले गरेको गतिविधिको बारेमा विशेषता नगरकोटी र ओशिका सुवेदीले प्रकाश पारेकी थिइन् ।

नवोदय विद्यालयका विद्यार्थीले सहिदसम्बन्धी नाटक प्रस्तुत गरेका थिए । विद्यार्थीले निर्माण गरेको विभिन्न मोडेलहरु जस्तै: कलाको खेल, साप र सिँढी, पुलिङ्ग होकि स्त्रीलिङ्ग हो ?, कोठे पदद्वारा शब्द निर्माण खेल, कविता भनेको के हो ?, कप खेलको स्टल राखी विद्यार्थीले रचनात्मक प्रस्तुति दिएका थिए । कार्यक्रममा नवोदय विद्यालयका गणित विषयका सुपरीवेक्षक मञ्चन तिवारी, सामाजिक विषयका सुपरीवेक्षक नगेन्द्रकुमार नगरकोटी, सत्मार्ग मिडियाका सञ्चालक सुजन ढकाल, नवोदय सामाजिक क्लवका अध्यक्ष सक्षमकुमार झाको आतिथ्यता रहेको थियो ।

# श्रीकृष्ण प्रणामी युवा परिषदको रक्तदान कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/श्रीकृष्णा प्रणामी युवापरिषद् जिल्ला समिति मकवानपुरको आयोजनामा मंगलबार भएको रक्तदान कार्यक्रममा २२ जनाले रक्तदान गरेका छन् ।

श्रीकृष्णा प्रणामी युवा परिषद् नेपालको ३४ औं स्थापना दिवसको अवसरमा जिल्ला समितिले गरेको रक्तदान कार्यक्रममा २२ जनाले रक्तदान गरेका हुन् । कार्यक्रम रेडक्रस सोसाइटी मकवानपुरको प्राविधिक सहयोगमा भएको हो । युवापरिषद् मकवानपुरका अध्यक्ष शिबप्रसाद खतिवडा (राजु) को सभापतित्वमा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका उपमेयर राजेश बानियाँको प्रमुख आतित्थ्यता रहेको थियो । कार्यक्रमका प्रमुख अतिथि बानियाँले परिषद्ले आफ्नो स्थानपना दिवसको सन्दर्भमा जीवनउपायोगि रक्तदान कार्यक्रम गरेर प्रशंसायोग्य काम गरेको बताए । उनले नैतिकता हराउँदै गएको आजको समयमा परिषद् आवद्ध युवाको सामाजिक कार्यले अरुलाई पनि प्रेरणा मिल्ने दावी गरे ।



परिषदका जिल्ला सदस्य अजय सापकोटाको संयोजकत्वमा भएको रक्तदानमा हेटौंडा-१६ का वडाअध्यक्ष रामकृष्ण कोइराला, १७ का वडाअध्यक्ष उद्धब सत्याल, श्रीकृष्ण प्रणामी सेवा समिति नेपालका उपाध्यक्ष रामकृष्ण तिवारी, श्रीकृष्ण प्रणामी युवा परिषदका पूर्वकेन्द्रीय अध्यक्ष रामप्रसाद शर्मा, केन्द्रीय सदस्य अर्जुनप्रसाद वाग्ले, युवा परिषदका केन्द्रीय सदस्य इश्वर खतिवडा, युवा परिषद बागमती प्रदेश उपाध्यक्ष जयप्रकाश घिमिरे, प्रणामी सेवा समितिका जिल्ला अध्यक्ष केदार चौलागाई, युवा परिषदका पूर्वजिल्ला अध्यक्षहरु बद्री चौलागाईं, घनश्याम ढकाल, मोहनप्रसाद वस्ताकोटी, बिष्णुप्रसाद वाग्लेलगायतको आतिथ्यता थियो । रक्तदानमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् पूर्वमन्त्री राजन केसी, नेपाली कांग्रेस मकवानपुरका जिल्ला सभापति बुद्ध लामाको विशेष उपस्थिति रहेको थियो ।

# नेपाल टेलिकमको सिग्नल सुधार्ने ५६ करोडको ठेक्का अलपत्र

काठमाडौं/के तपाईं ठूला भवन, सपिङ मल, अण्डरग्राउण्ड पार्किङ लगायतका ठाउँमा जाँदा नेपाल टेलिकममा फोन नटिप्ने र नलाग्ने समस्या भोग्नुभएको छ ? हो भने यसको दोषी नेपाल टेलिकमका केही जिम्मेवार अधिकारीहरु हुन् ।

फोन नटिप्ने यस्तो ठाउँमा 'स्मल सेल' जडान गर्ने भनेर पाँच वर्षअघि नै टेण्डर गरिएपनि नेपाल टेलिकमले ती उपकरण ल्याउन सकेको छैन । फोन नलाग्ने ठाउँमा सिग्नल पुऱ्याउन ५ हजार ८२५ वटा स्मल सेल जडान गर्ने भनी ठेक्का सम्झौता भएपनि उपकरण आयात नहुँदा कमजोर नेटवर्क कभरेज भएका ठाउँहरुमा टेलिकमको मोवाइल सेवा प्रभावकारी हुन नसकेको हो ।

नेपाल टेलिकमका एक इञ्जिनियरका अनुसार, 'स्मल सेल' भनेको सानो ठाउँमा सिग्नल पुऱ्याउने मोवाइल टावर नै हो । ठूला भवन, सपिङ मल, साँघुरो गल्ली, मोवाइल टावरको कमजोर कभरेज भएका राजमार्गका केही भागहरुमा सिग्नल पुऱ्याउन 'स्मल सेल' जडान गरिन्छ । तारयुक्त र ताररहित दुवै विधिबाट सञ्चालन गरिने यस्ता उपकरणले कमजोर क्षेत्रमा सिग्नल पुऱ्याउने काम गर्छन् ।

नेपाल टेलिकमले फोर-जी प्रविधि स्थापनाका क्रममा चिनिया कम्पनी हुवावेसँग ठेक्का सम्झौता गरेको थियो । त्यही सिलसिलामा ५ हजार ८२५ वटा स्मल सेल पनि ल्याउने भनी सम्झौता भएको थियो । स्मल सेल उपकरण खरिदका लागि ५० लाख डलर (करिब ५६ करोड नेपाली रूपैयाँ) सम्झौता भएको थियो ।

'ठेक्का पाउनका लागि हुवावेले निकै सस्तोमा स्मलसेलको दररेट प्रस्ताव गरेको थियो, त्यही दररेट हेरेर पनि उसले फोरजी प्रविधि सेटअपको ठेक्का पाएको हो', नेपाल टेलिकम स्रोतले भन्यो, 'ठेक्का सम्पन्न हुने क्रम नजिकिदै गर्दा अहिले १४० वटामात्रै स्मलसेल ल्याइएको छ । ती पनि सबै जडान भएका छैनन् ।' ल्याएकामध्ये २०/३० वटा स्मल सेलहरु महावौद्ध क्षेत्रमा परीक्षण जडान गरेर अरु उपकरण त्यत्तिकै थन्क्याइएको छ ।

नेपाल टेलिकमका सहायक प्रवक्ता परमात्मा भट्टराई देशभरका टावरहरुमा फोर-जी उपकरण जडान गर्ने काम करिव अन्तिम चरणमा पुगेको बताउँछन् । 'फोर-जीको काम सकिएकाले अब स्मल सेल जडान गर्ने काम पनि भइरहेको छ', उनले भने, 'हाम्रो आवश्यकता अनुसार उपकरण मगाउने र जडान गर्ने काम निरन्तर चलिरहेको छ ।'

स्मल-सेल चलाउनका लागि नेपाल टेलिकमले २.३ गिगाहर्जको फ्रिक्वेन्सी प्रयोगमा ल्याएको छ । उसले त्यसबापत वार्षिक करिव २० करोड रुपैयाँ भन्दा बढी शुल्क नेपाल दूरसञ्चार प्राधिकरणलाई बुझाउँछ ।

टेलिकम स्रोतले भन्यो, 'फ्रिक्वेन्सी शुल्क तिर्ने काम भयो, तर प्रयोग गरिएन । ठेक्का अनुसारको उपकरण आयात नगर्दा एकातिर शुल्क तिरिरहनुपरेको छ, अर्कोतर्फ कमजोर कभरेजका कारण टेलिकमलाई नोक्सान भइरहेको छ ।'

नेपाल टेलिकमले फोर जी परियोजनाका लागि १९ अर्ब ६८ करोड रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो । माघ, २०७६ भित्र सम्पन्न हुनुपर्ने परियोजना विभिन्न कारणले अहिले पनि टुंगिएको छैन । ढिलाइका कारण क्षतिपूर्ति लिनुपर्ने भएपनि त्यसका लागि गठन भएको समितिले स्मल सेलको आपूर्ति नभएको विषयमा कुनै निर्णय गर्न सकेको छैन ।

२०७५ पुसमा भएको ठेक्का सम्झौता अनुसार, ५ हजार ८२५ स्मल सेलका लागि ५० लाख डलर (त्यतिबेला ५६ करोड रुपैयाँ) मा ठेक्का सम्झौता भएको थियो । ठेक्का पाउनका लागि सस्तो दररेट राखेर प्रतिस्पर्धा गरेको चिनियाँ कम्पनीले पछि भने सामान नै उपलब्ध गराएन ।

महालेखा परीक्षकको कार्यालयले गतवर्ष मात्रै पनि नेपाल टेलिकमको सेवाको गुणस्तरमा प्रश्न उठाउदै सुधार गर्न ध्यानाकर्षण गराएको छ ।

'कम्पनीले प्रतिस्पर्धात्मक बजारबाट लाभ लिन ग्राहकको सन्तुष्टि र दिगो आय आर्जनको लागि निरन्तर रूपमा प्रदान गरिने सेवाहरूलाई भरपर्दो गुणस्तरीय र विश्वसनीय बनाउन आवश्यक छ', प्रतिवेदनमा भनिएको छ, 'कम्पनीले आफूसँग भएका भौतिक पूर्वाधार उपकरणहरूको प्रभावकारी उपयोग गरी मोबाइल नेटवर्कको प्रभावकारी रूपमा सञ्चालन, मर्मतसम्भार, स्तरोन्नति गर्न तथा समस्याको समाधानका लागि प्रभावकारी काम गर्नुपर्दछ ।'

*(स्रोत: अनलाइनखबर)*

# बुद्धशान्ति हरित पार्कमा सरसफाइ कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/मकवानपुरको मनहरी गाउँपालिका-७ बुद्धशान्ति हरित पार्कमा सोमबार सरसफाइ कार्यक्रम सम्पन्न भएको छ ।

माघ २७ गते ल्होछार विशेष मेला तथा साँस्कृतिक कार्यक्रमको तयारीस्वरुप सरसफाइको आयोजना गरेको सरसफाई उपसमितिका संयोजक सगुन स्याङतानले जानकारी दिए । ईलाका प्रहरी कार्यालय मनहरी, मनकामना सामुदायिक वन उपभोक्ता समिति मनहरी, त्रिनेत्र दल गण सुनाचुरी व्यारेक, आइआरटी पोस्ट कत्ले, मनहरी टोल विकास संस्था, कालिका टोल विकास संस्था, लामाटोल विकास संस्था, सिमपानी गुम्बा परिवार, बुद्धधर्म सरक्षण समिति र स्थानीय युवाको सक्रियतामा सरसफाई गरिएको हो ।

२८६० सोनाम ल्होछार मेला तथा साँस्कृतिक कार्यक्रको लागि मनहरीमा तयारी तीव्र पारिएको आयोजकले जनाएको छ ।

मेला सभ्य र भव्यका साथ सम्पन्न गर्न मेला संजोजक सुरेश मुक्तानको अध्यक्षतामा बसेको बैठकले विभिन्न ११ वटा उप-समिति गठन गरेको छ । कार्यक्रममा तामाङ समुदायको संस्कार सँस्कृतिसम्बन्धि विभिन्न स्टल रहने र लामा बोन्बो लाप्ताबा, ताम्बा लगायतले प्रस्तुती दिइनेछन् ।

तामाङ समुदायका जेष्ठ नागरिकलाई सम्मान गर्ने साथै स्थानीय तथा राष्ट्रियस्तरको तामाङ कलाकारको प्रस्तुती रहने आयोजकले जनाएको छ ।

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

# राष्ट्रपतिको भूमिका...

संविधानबमोजिम प्रदेशका लागि बन्नुपर्ने कानुन नबनेर संविधानको कार्यान्वयनमा बाधा उत्पन्न भइरहेका बेला राष्ट्राध्यक्षले उक्त संविधानको पालना गर्न र त्यसको संरक्षण गर्न संविधानअनुसारका कानुन निर्माण गर भनी ध्यानाकर्षण गराउँदा संविधानको पालना भयो कि अनावश्यक सक्रियता ?

संविधानको पालना र संरक्षणका लागि राष्ट्राध्यक्षले निर्वाह गरेको भूमिका आम नेपाली नागरिकको जानकारीको विषय हो कि ती कानुनविद्ले भनेजस्तै कानेखुसी र गोपनीयताको विषय ?

संविधानको धारा २७ ले प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको आफ्नो वा सार्वजनिक सरोकारको सूचना माग्ने र प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ र संविधानको सो व्यवस्थाबमोजिम निर्माण भएको सूचनाको हकसम्बन्धी ऐनको दफा ३ को ३ बमोजिमका पाँच प्रकारका बाहेक सबै सूचनाको अन्तिम मालिक जनता हो भन्ने प्रष्ट व्यवस्था गरेको छ ।

त्यसबमोजिम पहिलो, सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, सुरक्षा, अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पुग्ने । दोस्रो, छानबिन, अनुसन्धान तथा तहकिकातमा असर पर्ने । तेस्रो, आर्थिक, मौद्रिक, बैकिङ्ग, व्यपारिक वा बौद्धिक सम्पत्ति नष्ट हुने । चौथो, जातीय, सामाजीक, साम्प्रदायिक सद्भाव बिथोलिने । र, पाँचौ वैयक्तिक गोपनीयता वा अरुको निजत्वको विषयको सूचनाबाहेक सबै सूचना जनतालाई दिनुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ ।

राष्ट्रपतिले प्रधानमन्त्री र दलका नेतालाई गराएको ध्यानाकर्षण र सुझाव जनताको जानकारीका लागि सार्वजनिक हुँदा यी पाँच प्रकारका मध्ये कुन चाहिँ अवस्थालाई गम्भीर खलल पुग्छ ती कानुनविद्ले भन्न सक्छन् ?

उनको यसरी देशको अविभावकले संविधान र लोकतन्त्रप्रति नेताहरुलाई सजग गराएको विषय गोपनीयताको विषय उल्लेख गरेर सरासर संविधानको धारा ६१ र धारा २७ को पुरै अपव्याख्या हो । त्यस्तो टिप्पणी गर्ने ती कानुनविद्ले संविधान र सूचनाको हकको कानुनी व्यवस्थाबारे बुझ्दै नबुझेर त्यसतो टिप्पणी गरे भनेर पत्याउन सक्ने आधार छैन ।

त्यसोभए, उनले यस्तो टिप्पणी गरेर जनतामा व्यवस्थाप्रति भरोसा जगाउने राष्ट्राध्यक्षको अभिभावकीय भूमिकालाई गलत देखाएर गणतन्त्रप्रति नै निराशा जगाउने नियत राखेका छन् भनेर किन नभन्ने ?

ती संविधानविद्ले राष्ट्रपतिले दिएका सुझाव सार्वजनिक गर्दा प्रधानमन्त्रीलाई अफठ्यारो पर्छ । अथवा, प्रधानमन्त्री कमजोर हुन्छन् भन्ने भनाइ थियो ।

उनको यो टिप्पणी संविधानसम्मत त छैन नै, मुलुकको राजनीतिक अवस्था र कानुन निर्माण गर्ने थलो संसदको गणितीय स्थितिसँग मेल खाने तर्क पनि होइन । संविधानबमोजिमका कानुन बनाउने प्रधानमन्त्री वा सरकारले होइन ।

सरकारले त विधेयक प्रस्तुत गर्नेसम्म हो । त्यसका लागि संसदको पूर्ण बहुमत चाहिन्छ । प्रधानमन्त्री वा सरकारले विधेयक प्रस्तुत गरे पनि संसदको बहुमतले त्यसलाई अस्वीकार गर्न सक्छ ।

यस्तो अवस्थामा ३२ सांसद संख्या भएको पार्टीको नेता प्रधानमन्त्री छन् । राष्ट्रपतिले यो अवस्थालाई ध्यानमा राखेर संसदमा रहेका सबै दलका संसदीय दलका नेतालाई बोलाएर संविधान कार्यान्वयनका लागि कानुन बनाउन सबै दल एकजुट हुनुस् भन्दा प्रधानमन्त्रीलाई असहयोग हुन्छ कि झन् बढी सहयोग ?

यसो गर्दा प्रधानमन्त्री कमजोर हुन्छन् कि झन बलियो ? यति सामान्य विषय हुँदाहुँदै त्यसतो कमजोर टिप्पणी गर्नु भनेको या त बुझ्दै नबुझ्नु हो या नियतमै खोट छ ।

सामान्य नागरिकले पनि भन्ने सक्ने के हो भने संविधानको पालना र संरक्षण गर्ने सन्दर्भमा मुलुकको अविभावकको नाताले सरकार र राजनीतिक दललाई संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण र त्यसको प्रतिफल जनतासम्म पुग्नेगरी जनताले थाहा पाउने गरी घचघच्याउनुपर्छ । ता कि सरकार र नेताहरुको क्रियाकलापले निराश हुन लागेका जनतालाई भरोसा, ढाडस होस् कि 'कोही त छ' देश र जनताको पक्षमा ध्यान दिने ।

(साभार: बाह्रखरी)

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# बागमतीमा अब अनलाइनबाटै यातायातको राजस्व तिर्न सकिने

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ बागमती प्रदेशभित्र दर्ता भएका सवारी साधनको नवीकरणलगायतका सम्पूर्ण राजस्व अनलाईमार्फ तिर्न सकिने भएको छ ।

बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले आजबाट प्रदेशका सबै यातायात कार्यालयबाट यातायातसम्बन्धी लाइसेन्स शुल्क, सवारी कर, ब्लुबुक नवीकरण शुल्क, जरिवाना लगायतका राजस्व भुक्तानी अनलाइनबाटै गर्न सकिने व्यवस्थाको थालनी गरेको हो । यातायात कार्यलय एकान्तकुनामा मंगलबार आयोजित सवारी साधनको राजस्व अनलाईन भुक्तानीका लागि यातायात व्यावस्थापन सूचना प्रणालीको उद्घाटन गर्दै बागमती प्रदेशका यातायात मन्त्री लक्ष्मण लम्सालले टीएमआईएस प्रणाली लागु भएसँगै बागमती प्रदेशभित्र दर्ता भएका दुई पाङ्ग्रे तथा चार पाङ्ग्रे सवारी साधनको राजस्व तिर्न कार्यालयसम्म जानुपर्ने बाध्यताको अन्त्य भएको बताए ।



मन्त्री लम्सालले अब यातायात कार्यलयमा ५० प्रतिशतले भीड कम हुन सक्ने विश्वास लिएका छन् । अब यातायातमा बिचौलीयाको पनि अन्त्य हुने मन्त्री लम्सालको दाबी छ । सेवाग्राहीले घरैबाट कनेक्ट आईपिएस, इसेवा र खल्ती एपबाट राजस्व तिर्न सक्नेछन् । तर, बागमती प्रदेश बाहिर दर्ता भएका सावारी भने अनिवार्य यातायात कार्यालय नै जानुपर्नेछ ।

सवारी साधनको नवीकरण गर्न जाँदा राजस्व भुक्तानी गर्न सधैं लामो लाईनमा बस्नुपर्ने वाध्यता खेप्दै आएका सेवाग्राहीलाई अब सुरु गरिएको अनलाइन भुक्तानी (टीएमआईएस)ले लाईनमा नै बसेर काउन्टरमा भुक्तानी गर्नुपर्ने अवस्थाको अन्त्य गरेको हो ।

अनलाईनबाट राजस्व तिरेपछि एक महिनाभित्र यातायात कार्यालय पुगेर ब्लुबुकमा प्रमाणिकरण गर्नुपर्ने मन्त्री लम्सालले बताए । एक महिनासम्म अनलाईन भुक्तानी पश्चात प्राप्त हुने रसिदले नै सडकमा सवारीसाधन चलाउन सकिने मन्त्रालयले जनाएको छ ।

# पाँचौ मनहरी महोत्सव सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ मनहरी खोला किनारमा पाँचौ मनहरी महोत्सव सुरु भएको छ । माघ २८ गतेसम्म १२ दिन सञ्चालन हुने महोत्सवको बागमती प्रदेशका सांसद एवम् पूर्वगृहराज्यमन्त्री इन्द्रबहादुर बानियाँले उद्घाटन गरेका छन् ।

उद्घाटनमा बानियाँले पश्चिम मकवानपुरको कैलाश, राक्सिराङ र मनहरी गाउँपालिकाको विकासका लागि यहाँ स्थानीय सरकारले गरिरहेको प्रयत्नको सन्दर्भ जोड्दै उद्योगी व्यवसायी निराश भइरहेका बेला सरकारले ढाडस दिनुपर्ने बताए ।

मनहरीमा आयोजना भएको महोत्सवले स्थानीय उत्पादनको प्रवर्द्धन गर्नका लागि सहयोग पुग्ने बताएका छन् । 'यहाँको पर्यटन विकासका लागि र मौलीप्रतापपुर क्षेत्रलाई मिनी सौराहको रुपमा विकास गर्ने कुरा, मनहरी बजार जोगाउनका लागि तटबन्ध निर्माण गर्ने बिषय मेरो जानकारीमा छ ।', उनले भने, 'मैले दुबै कामलाई एकसाथ अघि बढाउनेछु ।',

कार्यक्रमलाई सम्बोधन गर्दै जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले पश्चिम मकवानपुरको पहिचान प्रदर्शन गर्नका लागि महोत्सव निकै उपयोगी भएको बताए । राक्सिराङ गाउँपालिकाले सञ्चालन गरिरहेको हाटबजारको प्रसङ्ग समेत जोड्दै उनले स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने, स्थानीय कला संस्कृतिको जगेर्ना गर्ने कार्यका लागि महोत्सव फलदायी हुने बताए । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य कृष्ण कटुवाल, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता, मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्ल, कैलाश गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानलगायतले मन्तव्य व्यक्त गरे ।



उद्घाटन कार्यक्रम अघि मनहरी गाउँपालिका-८ वडा कार्यालयबाट विभिन्न संघसंस्था, धार्मिक र जातीय प्रतिष्ठानहरु, शैक्षिक प्रतिष्ठानलगायतले आफ्नो पहिचानसहितको झाँकी प्रदर्शन गर्दै शोभायात्रा निकालेका थिए । ८ नम्बर वडा कार्यालयबाट सुरु भएको शोभायात्रा मनहरी बजार हुँदै रिभर साइडको बाटो भएर महोत्सवस्थल पुगेको थियो ।

# कैलाशमा विद्यार्थीको आँखा परीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ मकवानपुरको कैलाश गाउँपालिकाले छात्रछात्राको आँखा परीक्षण सुरु गरेको छ । गाउँपालिकामा रहेका माध्यमिक विद्यालयमा कक्षा ९ र १० का विद्यार्थीको आँखा भिजन क्लियर छ वा छैन ? भनी आँखा परीक्षण सुरु गरिएको गाउँपालिका अध्यक्ष लोकबहादुर मोक्तानले बताए ।

'हामीले पालिकामा नेत्रसहायक कर्मचारी राखेका छौं र सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा ग्रामीण आँखा अस्पताल कैलाश सञ्चालन गरिएकाले प्रत्येक विद्यार्थीको आँखा परीक्षण गर्ने लक्ष्य राखेका छौं ।', अध्यक्ष मोक्तानले भने । आँखा कमजोरीका कारण पठनपाठनमा समस्या नहोस् भन्ने हेतुले कक्षा ९ र १० का विद्यार्थीको आँखा परीक्षण गरिएको अध्यक्ष मोक्तानले बताए ।

आइतबार एक सय ११ जना विद्यार्थीको परीक्षण गर्दा ११ जना विद्यार्थीको समस्या आएकाले चश्मा लगाउनुपर्ने बताउँदै सोमबार भएको परीक्षणमा १ सय ९७ जनामध्ये २० जनाले चश्मा लगाउनुपर्ने अध्यक्ष मोक्तानले बताए । पालिकामा ६ वटा माध्यमिक विद्यालय छन्, एसइइ परीक्षा पनि नजिकै आएकाले आँखाको कमजोरीले विद्यार्थीमा हुने पढाईमा समस्या नहोस् भनी प्रत्येक विद्यालयमा अभियान झैं आँखा परीक्षण गरिएको उनले बताए । गाउँपालिकाले कमला माध्यमिक विद्यालय र धुवाङ माध्यमिक विद्यालयमा परीक्षण गरेको र बाकीं विद्यालयमा समेत गरिने जनाइएको छ ।

# वडा कार्यालयमा नै एकीकृत सेवा प्रदान

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ मकवानपुरको भीमफेदी गाउँपालिकाका जेष्ठ नागरिकलाई वडा कार्यालयमा नै एकीकृत सेवा प्रदान गरिएको छ । हरेक वडामा एकीकृत सेवा दिने तयारीका साथ काम सुरु गरिएको हो ।

एकीकृत सेवा दिने कार्यक्रम अनुसार भीमफेदी गाउँपालिका-२ भैंसेमा जेष्ठ नागरिकलाई न्यानो सिरक वितरण गरी सम्मान समेत गरिएको भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामाले जानकारी दिए । यसैगरी, यही कार्यक्रममा जेष्ठ नागरिकको



स्वास्थ्यपरीक्षण तथा बैंकको प्रतिनिधिको उपस्थितिमा सामजिक सुरक्षा भत्ता समेत वितरण गरिएको छ । करिब एक सय जनाको सुगर, प्रेसर समेत जाँच गरिएको छ । कार्यक्रमका अवसरमा सहभागी भएका वृद्धवृद्धाहरु सबै सेवा एकै स्थानमा पाउँदा खुशी भएका छन् ।

# हेटौंडा कपडा उद्योग चलाउने तयारीमा प्रधानमन्त्री, बोलाइयो बैठक

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ हेटौंडा कपडा उद्योग सञ्चालनको योजनामा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड पुगेपछि नेपाली सेनाले फेरि उद्योग चलाउने जमर्को गरेको छ ।

हाल बन्द अवस्थामा रहेको हेटौंडा कपडा उद्योग नेपाली सेनाले सञ्चालनको तयारी थालेको हो । २३ वर्षअघि बन्द भएको २३६ रोपनी क्षेत्रफलमा फैलिएको यो उद्योग ४८ वर्षअघि स्थापना भएको थियो । तर, राजनीतिक, कमजोर प्रशासनिक र फितलो व्यवस्थापनको सिकार बनेको उद्योग पुन: सञ्चालनको आशा पलाएको हो ।



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले हेटौंडा कपडा उद्योगसहित बन्द रहेका उद्योग पुन: सञ्चालन गर्न छलफल गर्दै आएका छन् । सोहीअनुसार प्रधानमन्त्री कार्यालयमा आज बुधवार ११ बजे सरोकारवालाको संयुक्त बैठक डाकिएको छ । बैठकमा उद्योग मन्त्री, उद्योग सचिव, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड लगायतलाई निम्तो दिइएको छ ।

उद्योग सञ्चालनको घोषणा सरकारले पटक-पटक गर्दै आइरहेको थियो र छ । तर, पुरानो प्रविधिमा जडान भएका मेसिनरी सामग्रीबाटै उत्पादन थाल्न असम्भव प्राय: देखिएपछि सबै निकाय पछि हट्दै आइरहेका छन् । गत आर्थिक वर्षको बजेटमा पनि सरकारले हेटौंडा कपडा उद्योग चलाउने भन्दै बजेट विनियोजन गरेको थियो । यस्तै, सरकारले हेटौंडा कपडा उद्योग सञ्चालनमा ल्याएर उत्पादित कपडाबाट नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको पोशाक उत्पादन गर्ने घोषणा समेत गरेको थियो । तर, सरकारद्वारा विनियोजित बजेटबाट उद्योग पुन: सञ्चालन नहुने देखेपछि सबै निकाय पछि हट्दै आएको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अध्यक्ष बाबुराम पन्त बताउँछन् ।

उद्योगबाट उत्पादित कपडा सेनाले प्रयोग गर्ने घोषणा भएपछि उसको नै उद्योगमा ध्यान गयो । यसका लागि नेपाली सेनाले विभिन्न निकायसँग कयौं पटक छलफल समेत गरिसेको छ । जसअनुसार एक महिनाअघि रक्षा मन्त्रालय मातहतबाट औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडसँग समेत बैठक बसेको थियो । नेपाली सेनाले उद्योग चलाउने योजनासहित स्थलगत अध्ययन समेत गरिसकेको छ ।

अध्ययनबाट सेनाले पुरानो प्रविधिको दुई दशकभन्दा धेरै समयदेखि नचलेको मेसिनरीबाट उद्योग सञ्चालन गर्न कठिनाइ हुने निष्कर्ष निकालेको छ । यसका लागि सेनाले नयाँ मेसिन किन्ने र त्यसका लागि ३ अर्ब रुपैयाँसम्मको लागत अनुमान गरिसकेको बताइन्छ ।

२०३५/३६ देखि व्यावसायीक रुपमा उत्पादन सुरु गरेको कपडा उद्योगको दैनिक ३६ हजार मिटर कपडा उत्पादन गर्नसक्ने क्षमता छ । ०६९ माघ १२ को मन्त्रिपरिषद् बैठकले हेटौडा कारखानाको सम्पत्ति शेयर लगानीका रुपमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडमा गाभेको थियो ।

हार्दिक बधाई तथा शुभकामना



यस दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.का शेयर सदस्य **श्री यतिराज सापकोटा**ज्यू समस्याग्रस्त सहकारी सहजीकरण तथा व्यवस्थापन समिति सदस्यमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।


**डा.गणेश बल लामा (अध्यक्ष) एवम्**
**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौंडा-२, मकवानपुर

सामाजिक सञ्जाल प्रयोगकर्ताले ध्यान दिऔं

- बेनामी वा छद्मवेशी पहिचान सिर्जना गरी कुनै पनि विषयवस्तु उत्पादन, शेयर वा टिप्पणी नगरौं,
- मिथ्या, भ्रमपूर्ण सूचना, घृणा फैलाउने, सामाजिक सद्रुभाव र सहिष्णुतामा आँच आउने खालका अभिव्यक्ति, श्रव्य दृश्य सामग्री, तस्वीर शेयर नगरौं,
- बहुविवाह, बालबिवाह, मानव वेचविखन र छुवाछुतजस्ता कानूनले वर्जित गरेका विषय वा क्रियाकलाप गर्न प्रोत्साहन नगरौं,
- अरुलाई होच्याउने अपमान गर्नेजस्ता कार्य सामाजिक सञ्जालबाट नगरौं,
- निजी प्रकृतिका फोटो भिडियो अनुमति वेगर छायांकन, प्रकाशन तथा प्रसारण नगरौं,
- अश्लिल शब्द तस्विर, श्रव्य, दृश्य, एनिमेसन प्रकाशन प्रसारण नगरौं,
- बालयौन शोषण, यौन दुर्व्यवहार, देहव्यापारलगायतका क्रियाकलापलाई प्रोत्साहन नगरौं,
- विभत्स तस्वीर, भिडियो अपलोड र शेयर नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक बधाई तथा शुभकामना



यस युवा बचत तथा ऋण सहकारी संस्था लि.का संस्थापक कार्यसमिति सदस्य तथा सल्लाहकार **श्री यतिराज सापकोटा**ज्यू समस्याग्रस्त सहकारी सहजीकरण तथा व्यवस्थापन समिति सदस्यमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**राजु गौतम (अध्यक्ष) एवम्**
**युवा बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-२, मकवानपुर

हार्दिक आभार



**जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता (१२-१४ माघ)** *सफलतापूर्वक सम्पन्न गर्न, गराउन सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवाला, प्रतियोगितामा सहभागी विद्यार्थी, विद्यालय सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दै प्रदेशस्तरीय प्रतियोगितामा सहभागिताका लागि छनोट भएका विद्यार्थीलाई उच्च प्रदर्शनका लागि शुभकामना समेत व्यक्त गर्दछौं ।*

| | |
|---|---|
| वेश खड्की<br>अध्यक्ष | माधव कोइराला<br>कार्यालय प्रमुखख |

**एवम् मकवानपुर जिल्ला खेलकुद विकास समिति परिवार**
**हेटौंडा, मकवानपुर**

निर्माण व्यवसायी संघ मकवानपुरको
**साधारणसभा सम्बन्धी सूचना**

यस निर्माण व्यवसायी संघ मकवानपुरको २४ औं वार्षिक साधारण सभा मिति २०८० माघ २० गते र ाखिएको जानकारी गराउन चाहान्छौ । साथै जानकारी नपाउनु भएका सम्पूर्ण निर्माण व्यवसायी ज्युहरुलाई यसै सूचनाको आधारमा कार्यक्रममा उपस्थित भइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम** :-
मिती : २०८० माघ २० गते
समय : बिहान ८.०० बजे
स्थान : मोटल एभोकाडो एण्ड आर्किड रिर्सोट, हेटौंडा २

राजेन्द्र प्रसाद चौलागाईं
महासचिव
**निर्माण व्यवसायी संघ मकवानपुर**

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरु:**

- अललाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
**हेटौडा-५, पिप्ले, मकवानपुर**
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना